# Lumbini Finance & Leasing Co Ltd.

# लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कं. लि.



**Prem B. Shrestha**
President

## नवौं बार्षिक साधारण सभामा
## संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिबेदन

आदरणिय शेयरधनी महानुभावहरु,

सर्बप्रथम यस लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कं. लि. को नवौं बार्षिक साधारण सभामा भाग लिन आउनु भएका सम्पूर्ण शेयरधनी तथा आमन्त्रित महानुभावहरुमा संचालक समिति तथा मेरो आफ्नो तर्फबाट हार्दिक स्वागत गर्दछु । आर्थिक बर्ष २०६०/६१ को उपलब्धि तथा तथ्यहरुलाई बिश्लेषण गरी तयार गरिएको यस प्रतिवेदनबाट बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिबिधीहरुबाट कम्पनीलाई परेको असर, कम्पनीको भावी रणनिती तथा कार्यक्रम र कम्पनीको नाफा नोक्सान सहितको यथार्थ आर्थिक स्थितीको जानकारी हुनेछ भन्ने बिश्वास लिएको छु ।

<u>गतबर्षको कारोवारको सिंहावलोकन:</u>

द्धन्दका कारण देशको अबस्था गत बर्षहरु जस्तै चिन्ताजनक रहेको सर्बबिदितै छ । शान्ति सुरक्षा र बिकासको दृष्टिकोणबाट आर्थिक बर्ष २०६०/६१ एक चुनौतिपूर्ण बर्षको रुपमा रह्यो । देशमा बिद्यमान द्धन्द समाप्त गर्ने क्रममा गरिएका प्रयासहरुको कुनै निर्णायक परिणाम निस्कन नसकिरहेका अबस्थामा तथा खस्कदो सुरक्षा स्थितीको परिप्रेक्ष्यमा ब्यवसायिक अबसर र ब्यवसायिक संबेदनशिलता गत बर्षभरी नै अति निरासापूर्ण रहन गयो तथा समग्र क्षेत्रहरुमा कार्य सम्पादन पनि त्यती उत्साहबर्द्धक भएन । यति हुदा हुदै पनि यस कम्पनीले रु १,७३,८८,१५५.८८ खुद नाफा प्राप्त हुन सक्षम भएको थियो तर ने.रा.बैंकबाट स्विकृती दिने क्रममा केही कर्जाहरुमा समग्र परिबर्तित आर्थिक बातावरणको सन्दर्भमा कर्जाहरुमा बढी जोखिमपूर्ण देखिई जोखिम ब्यहोर्ने कोष थप गर्न लगाईएको तथ्य स्पष्ट गर्न चाहन्छौं । जोखिम ब्यहोर्ने कोषमा कम्पनीको प्रयाप्त ब्यवस्था रहेको तथा कम्पनीको खराब तथा शंकास्पद कर्जाहरुको असुली तर्फ सन्तोषजनक प्रगती देखिदै गएबाट आगामी बर्षहरुमा कम्पनीको बित्तिय स्थिती सुदृढ हुने बिश्वास लिएको छु ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिबिधीहरुबाट कम्पनीको कारोवारलाई परेको असर:

मुलुक अप्ठयारो परिस्थितीमा गुज्रको छ । बर्तमान हिंसाग्रस्त राजनैतिक द्धन्दको असरले मुलुकको सुरक्षा र राजनीतिक स्थिती तरल बन्न पुगेको छ । तथापी अर्थतन्त्रमा भने कुल ग्राहस्थ उत्पादन बृद्धि ३.६ प्रतिशतका दरले हुन गएको देखिन्छ । बढदो रेमिटेन्स प्रबाह र मौद्रिक निकायहरुबाट अपनाईएका उपायहरुको परिणाम स्वरुप बैकिङ्ग प्रणालीमा तरलताको निकै ठुलो अंश रहेको पाईन्छ । यस्तो अवस्थामा सुरक्षित लगानीका अबसरहरुको अभाब, गैह्र बैकिङ्ग सम्पत्तीहरुको बृद्धि र ब्यापारिक परिणामहरुको बृद्धि बिना नै गर्नु पर्ने कर्जा नोक्सानी ब्यवस्थाले बित्तिय संस्थामा प्रतिकुल प्रभाब परिरहेको छ ।

सरकारी बैंकहरुको खराब कर्जालाई कम गर्न बित्तिय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत बिश्व बैंकको सहयोगमा असुली कार्य शसक्त रुपमा अघि बढाईएको छ । यसै बिच बैंक तथा बित्तिय संस्थाहरुको छाता ऐन कार्यान्वयनमा आएको छ । बित्तिय संस्थाको कार्यक्षेत्र केहि फराकिलो पारिएको छ । संस्थागत सुशासनमा बढी जोड दिईएको छ । कर्जा असुली तथा कालो सुँची सम्बन्धी परिबर्तित नियमहरुका कारण खास गरी बित्तिय क्षेत्रमा कर्जा नोक्सानी ब्यवस्था बृद्धि हुन गई खुद नाफा कम हुन गएको प्रत्यक्ष अनुभब बित्तिय क्षेत्रका अन्य संस्थाहरु जस्तै यस संस्थाले पनि गर्नु परेको तथ्य हाम्रा सामु प्रत्यक्ष देखिएको छ ।

प्रतिबेदन प्रस्तुत गरिएको मिति सम्म चालु बर्षको उपलब्धि र भबिष्यका सम्बन्धमा संचालक समितिको धारणा:

चालु आ.ब. २०६१/६२ को प्रथम ६ महिना अर्थात पौष महिनाको अन्त सम्म कम्पनीको बित्तिय झलक निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| कुल निक्षेप | रु. ६३५०५५ हजार |
| कुल कर्जा | रु. ६६००४९ हजार |
| कुल लगानी | रु. १५८३० हजार |

संचालन मुनाफा रु. ८७२९ हजार

असंख्य राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिकुलताबाट सृजना भएको बढदो लगानी जोखिमका कारणले लगानी गर्न सकिने लगानी अबसरहरु मध्येबाट पनि उत्कृष्ट लगानी बिकल्पहरुको मात्र छनौट गर्नुपर्ने परिस्थिती सृजना भएको छ । पारदर्शिता संस्थागत शुसासन र नियम पालनाहरुलाई उत्तिकै महत्व दिई, सम्पत्तीको गुणस्तरमा कुनै सम्झौता नगरी, सम्भाब्य बिबिधीकरण समेतलाई ध्यानमा राखी कम्पनीको कारोवारहरुलाई बिस्तार गर्न आबश्यक पहल गर्नु पर्ने बर्तमान आबश्यकतालाई ब्यवस्थापनले महशुस गरेको छ र यसैलाई निरन्तरता दिदै जाने छ । यसका साथै राष्ट्रिय अर्थतन्त्रमा सुधारको अबस्थामा सृजना हुने अबसरहरुको समुचित उपयोगका लागि पनि कम्पनी सजग रहनेछ ।

औद्योगिक तथा ब्यवसायिक सम्बन्ध:

कम्पनीले आफ्नो कारोवारसँग सम्बन्धित ग्राहकबर्ग, ब्यवसायी एवं औद्योगिक प्रतिष्ठान, संघ संस्थाहरु तथा बिभिन्न निकायहरु सँग सुमधुर सम्बन्ध राख्दै आएको छ यसै ब्यवसायिक सम्बन्धबाट नै कम्पनीले आफनो कारोवारमा बृद्धि गर्न सक्ने मान्यता लिएको छ । कारोवारसँग सम्बन्धित ऐन, कानून तथा सम्बन्धित सरकारी निकायहरुबाट समय समयमा प्राप्त निर्देशनहरुलाई कम्पनीले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । बैंक तथा बित्तिय संस्थाहरु बिचको सम्बन्ध एवं ब्यवसायिक प्रतिस्पर्दामा स्वच्छता कायम राख्ने गरिएको छ । कम्पनीको ब्यवस्थापन तथा कर्मचारीहरु बिच सदा झै सुमधुर सम्बन्ध कायम छ । यसका साथै औद्योगिक ब्यवस्थालाई स्वस्थ एवं प्रभाबकारी बनाउदै समग्र क्षेत्रको सन्तुलित बिकासका लागि आबश्यक नीति नियमहरुलाई सरल र ब्यवहारिक बनाउनका लागि सम्बन्धित निकायहरुलाई आबश्यक सुझाब एवं सल्लाह दिने तथा आबश्यक समन्वय गर्ने तर्फ समेत ब्यवस्थापन प्रयत्नशिल रहने छ ।

संचालक समितिमा भएको हेरफेर:

कम्पनीको संचालक समितिमा जम्मा ९ जना सदस्य रहेकोमा मिति २०५९/१२/०५ देखि हाल सम्म संस्थापक समुह अर्न्तगतका सदस्य श्री रबिकृष्ण श्रेष्ठ ज्यु तथा सर्बसाधारण शेयरधनीबाट निर्वाचित सदस्यहरु श्री सुबिन्द्र श्रेष्ठ र श्री मणिरत्न कंशाकार ज्यु गरी जम्मा ३ जना संचालक सदस्यहरुले राजीनामा दिनुभएको हुँदा उक्त राजिनामा संचालक समितिबाट स्विकृत गरिएको कुरा यहाहरु समक्ष जानकारी गराउदै वहाँहरुको कार्यकालमा कम्पनीलाई प्रदान गर्नुभएको अमुल्य योगदानको कदर गर्दै म वहाँहरु सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

हाल कम्पनीको प्रबन्धपत्र तथा नियमावली शंसोधनको प्रस्ताब यसै साधारण सभामा पेश भएको तथा बिगत साधारण सभाहरुमा शेयरधनी महानुभाबहरुबाट नै संचालकको संख्या कम गर्नुपर्ने भन्ने सम्बन्धमा बिचारहरु ब्यक्त भएको हुँदा प्रस्तुत प्रबन्धपत्र तथा नियमावलीको संशोधन पछि आबश्यक निर्णय लिई संचालकहरुको संख्या सम्बन्धमा थपघट गरिने कुरा जानकारी गराउन चाहन्छु ।

कारोवारलाई असर पार्ने मुख्य कुराहरु:

बढदो राजनैतिक अस्थिरता एवं शान्ति सुरक्षाको अभाबले हाम्रो समग्र राष्ट्रिय अर्थतन्त्रको सामु निकै ठुलो अबरोधहरु सृजना भईरहेको छ । एकातर्फ लगानीका अबसरहरु दिनानुदिन संकुचित हुदै गईरहेका छन भने अर्को तर्फ बित्तिय संस्थाहरुको संख्या पनि बढदो छ । लगानीका अबशरहरु सिमित हुदै गएका कारण बाणिज्य बैंकहरु खुद्रा बैंकिङ्ग कारोवार तर्फ उन्मुख हुदै छन यसले गर्दा प्रतिस्पर्दा अझ चुनौती पूर्ण भएको छ ।

दिर्घकालिन र स्थायी शान्ति प्रयासका लागि हाल भईरहेको प्रयासबाट सार्थक परिणाम निस्कन सकेमा बित्तिय क्षेत्र र समग्र मुलुकको आर्थिक लगायत सबै क्षेत्रको प्रगतीमा थप बल मिलने आशा र भरोसा लिन सकिन्छ ।

यसै सम्बन्धमा केन्द्रिय बैंकले हालका बर्षहरुमा कर्जाको बर्गिकरण तथा कर्जाको पुर्नतालिकीकरण जस्ता पक्षमा गरेका नीतिगत परिबर्तनहरुबाट खास गरी कर्जा जोखिम ब्यवस्थामा भएको बृद्धिले यस कम्पनीको मुनाफामा पारेको प्रभाब उल्लेख्य रहेको कुरा स्पष्ट पार्न चाहन्छौं ।

लेखा परिक्षण प्रतिबेदनमा संचालक समितिको प्रतिक्रिया:

लेखा परिक्षकबाट प्राप्त प्रतिबेदन, बार्षिक हिसाब किताब बिवरण/बासलात तथा नाफा नोक्सान हिसाब खाता, नाफा नोक्सान हिसाब बाडफाड बिवरण तथा नगद प्रबाहको बिवरणहरु संचालक समितिको बैकमा आबश्यक छलफल भई सर्बसम्मतीबाट पारित भएको छ । साथै आ.ब. २०६०/६१ को लागि लेखा परिक्षक नियुक्ती सम्बन्धमा संचालक समितिबाट निर्णय गराई कार्य सम्पन्न गराएका छौं । सो आ.ब.को लेखापरिक्षक नियुक्ती सम्बन्धमा यस सभाबाट अनुमोदन हुनेछ भन्ने मैले बिश्वास लिएको छु ।

आगामी योजनाहरु:

नेपाल राष्ट्र बैंकले शुरु गरेको बित्तिय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत आएको नयाँ बैंक तथा बित्तिय संस्था सम्बन्धी अध्यादेश, निर्देशिका तथा अबधारणाले सृजना गरेको अबसरहरुलाई उपयोग तथा चुनौतीहरुलाई सामना गर्दै ग्राहकहरुको सन्तुष्टि तथा शेयरधनी महानुभाबहरुको लगानीको उचित प्रतिफल तर्फ केन्द्रित रहेर कम्पनीको भावी योजनाहरु तर्जुमा तथा कार्यान्वयन गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्दछौं । हामी ग्राहकहरुको सही साझेदार हुन हामी प्रतिबद्ध रहने छौं । ग्राहकहरुलाई सन्तुष्ट बनाउने हाम्रो प्रयत्नमा सेबाको गुणस्तरमा सुधार ल्याउने उद्धेश्यले अत्याधुनीक प्रबिधिको प्रयोगलाई प्राथमिकता दिई नयाँ कम्प्युटर प्रबिधिको उपयोग तथा जनशक्ति बिकासका लागि प्रयाप्त ब्यवस्थाहरु गर्दै जाने नीति लिएको छ ।

अन्तमा,

कम्पनीको उन्नती तथा प्रगतीमा साथ दिने निक्षेपकर्ता, ग्राहकबर्ग, शुभेच्छुक महानुभावहरु, समस्त शेयरधनीहरु लगनशिल ब्यवस्थापन तथा कर्मचारी बर्गका साथै श्री ५ को सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बिनिमय बजार लि., बाणिज्य बैंक, बिकास बैंक, बित्त कम्पनी संघ, बित्त कम्पनीहरु तथा अन्य सहयोगी संस्थाहरु प्रति समेत सहयोगको लागि धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।